F.N. 006

# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

धरान, नेपाल

# B. P. Koirala Institute of Health Sciences

Dharan, Nepal

Ref. No. ३२६/०८२/०८३

**वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको अस्पताल फार्मेसीका फार्मासिष्टहरुद्धारा गरिएको आन्दोलन सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

मिति: २०८२।४।१९

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको, अस्पताल फार्मेसीका फार्मासिष्टहरुद्धारा गरिएको आन्दोलनका कारण सो फार्मेसी हाल बन्द भएको त सर्वविदितै छ । उक्त फार्मेसी संचालनका लागि जनशक्ति आपूर्ति गर्न प्रतिष्ठान र के.टि.एम. सेक्यूरिटी सर्भिसेज प्रा.लि., काठमाडौं बीच मिति २०७०।०८।०८ मा तीन वर्षका लागि भएको सम्झौतामा उल्लेख भए अनुसारको शर्तनामा बमोजिम पुन: तीन वर्षको लागि सम्झौता म्याद थप भई सो पश्चात् अर्को व्यवस्था नहुन्जेलसम्मका लागि हालसम्म सोही सम्झौता अनुरुप जनशक्ति परिचालन हुँदै आएको व्यहोरा सम्पूर्णमा जानकारी गराउन चाहान्छौ ।

प्रतिष्ठान दैनिक रुपमा हजारौंको संख्यामा विरामी उपचार सेवा प्रदान गर्ने अस्पताल समेत भएको हुनाले अस्पताल क्षेत्रमा कुनै पनि प्रकारको विरोध, बन्द, हडताल, तालाबन्दी आदि गर्न पाइने छैन भन्ने कानुनी व्यवस्था रहेकोमा उक्त के.टि.एम. सेक्यूरिटी सर्भिसेज प्रा.लि. को कुनै पनि प्रकारको पूर्व जानकारी नै बिना एक्कासी फार्मेसी सेवा बन्द गरी विरामी उपचार सेवामा प्रभावित गर्नु गैर कानुनी भएको देखिएको छ । त्यसका साथै, के.टी.एम. सेक्यूरिटी सर्भिसेज प्रा.लि.ले भर्ना गरेको जनशक्तिले, प्रा.लि. र वहाँहरु बीचको असन्तुष्टीका कारण अस्पताल फार्मेसी नै बन्द गरी विरामी उपचार सेवा प्रभावित पार्नु सरासर गलत रहेको र उक्त गलतिको जिम्मेवार के.टी.एम. सेक्यूरिटी सर्भिसेज प्रा.लि. नै हुनु पर्ने ठम्याई प्रतिष्ठानको रहेको छ ।

यसै सन्दर्भमा, प्रतिष्ठान र उक्त प्रा.लि. बीच भएको सम्झौताको बुँदा नं. ५ मा कुनै पनि कारण देखाई खटिएका कर्मचारीले बन्द, हडताल, कालोपट्टि, तालाबन्दी जस्ता कार्य गरेमा त्यस्ता कर्मचारीलाई २४ घण्टा भित्र अर्को व्यवस्था मिलाउनु पर्ने दायित्व बोलपत्रदाताको हुने भन्ने उल्लेख गरिएको छ भने बुँदा नं. १५ मा आपूर्तिकर्ताले आपूर्ति गरेका कर्मचारीले सम्बन्धित शाखा प्रमुखको आदेशानुसार काम गर्नुपर्ने र यदि कुनै कर्मचारीले निजलाई दिएको जिम्मेवारी कुशलताका साथ नगरेमा, प्रतिष्ठानको नियमानुसार कार्य गरेको नपाइएमा तत्काल प्रतिष्ठानले लेखि पठाएको आधारमा त्यस्ता कर्मचारी परिवर्तन गर्नुपर्नेछ भन्ने उल्लेख भएको भए पनि उक्त प्रा.लि.ले सो अनुसार नगरेको व्यहोरा समेत सम्पूर्णमा जानकारी गराउन चाहन्छौं । केहि दिन अघि मात्र फार्मेसीमा कार्यरत जनशक्तिले प्रभावकारी सेवा प्रदान नगरी लापरवाही भएको भनि सेवाग्राहीसँग फार्मेसीमा भएको विवादको भिडियो YouTube Channel मा नै प्रसारित भएको सर्वविदितै छ । उक्त भिडियोले प्रतिष्ठानलाई खिन्न समेत बनाएको छ ।

सम्झौताको बुँदा नं. १ मा प्रतिष्ठानले किस्ता रकम उपलब्ध गराउन नसकेको खण्डमा बोलपत्रदाताले आफ्नै श्रोतबाट पारिश्रमिक तथा सुविधा उपलब्ध गराउने भनि उल्लेख भएको र तलब किस्ता उपलब्ध गराउने सम्बन्धमा प्रतिष्ठानको Ref.No. २९३।०८२।०८३ मिति २०८२।०४।१८ गते सार्वजनिक रुपमा सूचना/परिपत्र मार्फत जानकारी गराई उक्त प्रा.लि.लाई पत्राचार समेत गरिएको थियो ।

सोही सम्झौतामा उल्लेख भए अनुसार फार्मेसी संचालनको कुनै विषयमा विवाद भएमा आपसी सहमतिमा समाधान गरिने साथै कुनै पनि कारणले प्रतिष्ठानले चाहेमा वा आपूर्तिकर्ताले छाड्न चाहेको खण्डमा ३ महिना अगावै पूर्व जानकारी गराई छोड्न सकिने भन्ने व्यवस्था समेत रहेकोमा हालसम्म यस प्रकारको कुनै परिस्थिति सृजना समेत नभएको अवस्थामा कुनै पनि पक्षले गैर जिम्मेवारी पूर्ण ढंगको कार्य गरि विरामी उपचार सेवामा प्रतिकुल असर पर्ने कार्य गर्नु प्रचलित नियम कानुन विपरीत हुने

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान नेपाल
B. P. Koirala Institute of Health Sciences
Dharan, Nepal

Ref. No.

हुँदा अस्पताल जस्तो संवेदनशील क्षेत्रमा गरिएका नियम विपरीतको कार्यमा रोकी यथाशिघ्र सेवा सुचारु गर्ने व्यवस्थाका लागि के.टि.एम. सेक्यूटी सर्भिसेज प्रा.लि.लाई यसै मार्फत पुनः अनुरोध गरिन्छ ।

अन्त्यमा, विद्यमान असहज परिस्थितीका कारण सेवाग्राहीहरुलाई पर्न गएको असुविधाप्रति प्रतिष्ठान क्षमाप्रार्थी हुनुका साथै फार्मेसी सेवा यथाशिघ्र पुनः सञ्चालन गनका लागि प्रतिष्ठानका तर्फबाट गर्नुपर्ने आवश्यक पहल तिब्र रुपमा भइरहेको समेत जानकारी गराउन चाहान्छौ ।

भवदीय

डा. अभिजीत कुमार
सह प्रवक्ता